ओपन माईक नेपाल बुलेटिनको उन्नाइसौं अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरू तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम रस्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु र उनीहरू मार्फत समुदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।

# हल्ला



## मदानपुर, नुवाकोट

"यसपाला गाविसमा आउने पैसा पनि आउँदैन रे भन्छन्।"

# यथार्थ

जिल्ला विकास समिति (जिविस) नुवाकोटका अनुसार अहिलेसम्म चालु खर्चको (तलब, भत्ता आदि) पहिलो किस्ता अधिकांश गाउँ विकास समिति (गाविस) लाई पठाइसकिएको छ। पुँजीगत खर्च (विकास निर्माणमा गरिने खर्च; जस्तै सडक निर्माण) को पहिलो किस्ता मंसिर भित्रै पठाइने छ।


गत बर्ष गाविसहरूले पाएको रकमको हिसाव जिविसमा पेस गरेपछि, हर हिसाबको लेखापरीक्षण गरेर जिविसले पुँजीगत खर्चको रकम गाविसमा पठाउँछ।

जिविसले गर्ने अघिल्लो बर्षको 'न्यूनतम सर्त तथा कार्यसम्पादन मापन' का आधारमा गाविसले सरकारबाट के कति रकम प्राप्त गर्छ भन्ने निर्धारण हुन्छ।

पुँजीगत खर्चको रकम प्राप्त गर्न जिविसमा पेश गर्नुपर्ने सबै कागजात पेश गरे नगरेको बारेमा गाविस सचिवबाट जानकारी लिन सकिन्छ।

पुष्कर शर्मा रिजाल
योजना अधिकृत
जिल्ला विकास समिति
नुवाकोट
९८५११४८२००

# सवाल



## मदानपुर, नुवाकोट
"चिसोले दमका रोगी र बालबच्चालाई जोगाउन गाह्रो छ।"

## इर्खु, सिन्धुपाल्चोक
"ओछ्यानमा जस्तावाट पानी चुहिन्छ रातभर निदाउनै पाइन्न। यस्तो अवस्थावाट बालबच्चालाई कसरी जोगाउने चिन्ता पर्न थालेको छ।"

## संखु, काभ्रेपलाञ्चोक
"जाडोमा टहरामा बस्दा चिसोले ज्वरो आउने, रुघाखोकी लाग्ने, गोडा सुन्निने, टाउको दुख्ने आदि समस्या हुन थालेको छ।"

# जवाफ

दम, रुघाखोकी र हात खुट्टा सुन्निने समस्याका विभिन्न कारण हुनसक्छन् तर जाडोमा त्यस्तो समस्या बढि देखिन सक्छ।

रुघाखोकी लगाउने कुनै कुनै भाइरस कम तापक्रममा बढि फैलन सक्छन्। जाडोको समयमा धेरैजना सँगै घरभित्रै बस्ने भएकोले रुघाखोकीको संक्रमण बढि हुन्छ। जाडो याममा हाम्रो रोग प्रतिरोधात्मक क्षमता पनि कमजोर हुने हुनाले संक्रमणको जोखिम बढि हुन्छ।

दमका विरामीलाई जाडो महिनामा चिसो हावाले स्वाशप्रश्वास नली र फोक्सोमा असर गर्न सक्छ। न्यानोको लागि घरभित्र बस्दा धुँवा धुलो र ससाना किराले गर्दा दम बढ्न सक्छ।

जाडोमा चिसोका कारण हात गोडा सुन्निन सक्छन्। त्यस्तो समस्या भएका व्यक्तिले मोजा, पञ्जा वा अन्य कपडाले हातखुट्टा ढाकेर हात खुट्टा न्यानो राख्नुपर्छ। सुन्निएको हातगोडा आगोमा सेकाएमा झनै सुन्निन सक्ने हुनाले त्यसो गर्नु हुँदैन।

रुघाखोकी संक्रमण र दमको समस्याबाट बच्न श्वासप्रश्वास स्वास्थ्यमा ख्याल गर्नुपर्छ। खोक्दा वा हाच्छ्युँ गर्दा नाक-मुख छोप्नुपर्छ। हात नियमित रुपमा धुनुपर्छ। खाना बनाउने ठाउँ सफा राख्नु पर्छ। साथै, पोषणयुक्त खाना खाने र सफा पानी पिउने गर्नु पर्छ।

तपाईंको वालवालिकाले छिटो छिटो सास फेरिरहेको, उसको छाती घ्यार घ्यार भएको, छाती दुखेको महशुस गरेको, ज्वरो आएको थाहा भएमा तुरुन्त स्वास्थ्य संस्थामा लगिहाल्नुहोस्।

स्थानीय स्वास्थकर्मी र महिला स्वास्थ्य स्वयं सेविकाहरुले जिल्लाहरुमा स्वास्थ्य सचेतनाका काम गरिरहेका छन्। नजिकको स्वास्थ्यसंस्था तथा स्वयंसेविकाबाट जाडोको समयमा स्वस्थ रहने उपायबारे परामर्श लिनुहोस्।

सागर राजभाँडा
जिल्ला जनस्वास्थ्य अधिकृत
सिन्धुपाल्चोक
९८४७६६८८३३

डा. इड्वीन सेनिजा साल्भाडोर
स्वास्थ्य उपसमिति संयोजक
विश्व स्वास्थ्य संगठन
९८०१०१००१०


# हल्ला

## चारघरे, नुवाकोट

"विदेशीले घर बनाइदिन्छ भन्छन् ।"

## रयाले, काभ्रेपलाञ्चोक

"भूकम्प पिडितलाई भनेर धेरै देशबाट सहयोग आएको छ भन्छन् तर खै सरकारले पिडितहरूलाई वास्ता भने गरेजस्तो लाग्दैन ।"



## कुशादेवी, काभ्रेपलाञ्चोक

"पहिले पहिले यो देश र ऊ देशबाट पुनर्निर्माणमा सहयोग आउँछ भन्थे । कुनै देशबाट त मान्छे नै आएर पनि घर बनाइदिन्छ रे भन्थे । अहिले त सबै कुरा हराए ।"

## चण्डेनी, काभ्रेपलाञ्चोक

"भूकम्प पिडितका लागि अब अमेरिकाले अमेरिकाको जस्तै घर बनाइदिन्छ रे, हो ?"

# यथार्थ

सरकारले गत असारमा पुनर्निर्माणका सम्बन्धमा आयोजना गरेको दाता सम्मेलनमा विभिन्न मुलुकले झण्डै ४ खर्व ५० अर्ब सहयोग गर्ने पतिवद्धता जनाएका थिए ।

सरकारले गठन गर्ने भनेको पुनर्निर्माण प्राधिकरण गठन नहुँदा प्रतिवद्धता अनुसारको सहयोग लेनदेनको सम्झौता हुन सकेको छैन ।

प्राधिकरणको गठन नहुँदासम्म दात्री निकायसँग पुनर्निर्माणको सहयोगका बारेमा छलफल अघि बढाउने जिम्मा राष्ट्रिय योजना आयोगलाई दिइएको छ ।


अहिलेसम्म विश्व बैंक र एसियाली विकास बैंकसँग संझौता गरेको अर्थ मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार जाइका लगायतका दात्री निकायसँग पनि पुनर्निमाणमा सहयोग लेनदेनका बारेमा छलफल भइरहेको छ ।

दात्री निकायसँगको सम्झौताका आधारमा उनिहरूले गर्ने सहयोगको निर्धारण हुन्छ । विदेशीले आफैं आएर घर बनाउने गरी सरकारले अहिलेसम्म स्वीकृति दिएको छैन । तर, जोसुकैले घर बनाए पनि नेपाल सरकारले तोकेको मापदण्ड अनुसार बनाउनुपर्छ ।

सरकारले भूकम्प प्रतिरोधी घरको डिजाइन स्वीकृत गरेर सार्वजनिक गरेपछि त्यसकै आधारमा वा नेपाल इन्जिनियरिङ परिषद्द्वारा मान्यता प्राप्त इन्जिनियरले कोरेको नक्साका आधारमा भूकम्प प्रतिरोधी घर बनाउनु पर्छ । विदेशीको डिजाइन ल्याएर घर बनाउने होइन ।

गोपीनाथ मैनाली
सहसचिव
राष्ट्रिय योजना आयोग
०१-४२११९३६

# सवाल



## आरुघाट, गोरखा

"बाटो नबन्दा उत्तरी गोरखाको खच्चड व्यवसायीहरु समस्यामा परेका छन्।"

## सलाङ, धादिङ

"भूकम्पले भत्काएको पहिरो अहिलेसम्म पनि हटाउन नसक्दा हिड्न तथा सवारी साधनहरु आउन जान सकेको छैन।"

# जवाफ

गोरखा जिल्लाको उत्तरी भेगका ९ वटा गाविस जाने घोरेटो बाटो भूकम्पका कारण गएको पहिरो विग्रिँदा खच्चड सञ्चालन गर्न नसक्ने अवस्था छ।

भूकम्प लगतै सञ्चालनमा ल्याइएको अस्थायी बाटो पनि बर्षा याममा गएको पहिरो, नदि कटान र नदिको बाटो परिवर्तनले अवरुद्ध छ।

भत्किएका बाटोको अवस्था र पुनर्निनिर्माणको संभाव्यता अध्ययनका लागि गएको त्यस क्षेत्रका निर्वाचित सांसद, राजनैतिक दलका प्रतिनिधी तथा जिविसका प्रमूख इन्जिनियर सहितको टोलीले अध्ययन प्रतिवेदन बनाएको छ।

स्थानीय श्रम र स्रोतबाट बाटो सुचारु गर्न नसक्ने अवस्था देखिएकोले हेलिकोप्टरबाट डोजर लानुपर्ने निष्कर्ष निकालिएको छ।

यसका आधारमा जिविस गोरखाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा आवश्यक सहयोगका लागि पत्राचार गरेको छ।

धादिङमा भूकम्पका कारण अवरुद्ध भएका सार्वजनिक गाडी चल्ने बाटो मर्मतको काम गरिसकिएको भएपनि त्यस्तो समस्या देखिएमा जिविस धादिङमा जानकारी गराउनुहोस्।

प्रेमराज गिरी
स्थानीय विकास अधिकृत
गोरखा
९८४६०५६४००

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरु र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। कार्तिक १९ गते देखि मंसीर १ गते सम्म १४ जिल्लाका करिव ४२५ जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरु छनोट गरिएका छन्। यो अंकमा समेटिएमा जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab | Local Interventions Group data-driven development | Internews

# हल्ला

## गैरिविसौना, काभ्रेपलाञ्चोक



"स्नातक गरेका भूकम्प पिडित महिलालाई इजरायल सरकारले अब सितैमा लगिदिन्छ रे, हो ?"

# यथार्थ

भर्खरै नेपाल सरकार र इजरायल सरकार बिच ३०० जना नेपाली कामदारलाई अपांगता भएका जेष्ठ नागरिकलाई रेखदेख गर्न केयर गिभरका रुपमा इजरायल पठाउने समझदारी भएको छ।

यसरी कामदार पठाउँदा भूकम्प प्रभावित जिल्लाका महिलाले प्राथमिकता पाउँदैनन्।

पहिलो चरणमा ५० देखि ६० जना कामदार (२० प्रतिशत पुरुष) इजरायल जानेछन्। यसका लागि आवेदनको म्याद सकि सकेको छ। अर्को चरणको आवेदनको मिति हालसम्म सार्वजनिक भएको छैन।

पहिलो चरणमा जाने कामदार एसएलसी पास भएको हुनुपर्ने व्यवस्था छ। त्यसैगरी, २५ देखि ४५ बर्ष बिचको उमेर भएको, बैदेशिक रोजगार विभागबाट स्वीकृत संस्थाबाट कम्तिमा तीन महिनाको केयर गिभर वा व्यवहारिक नर्सिङ तालिम लिएको हुनपर्ने लगायतका सर्त तोकिएको छ।

यो सम्झौता अनुसार भर्ना र भिसा शुल्क निवेदकले तिर्नु पर्दैन। छनोट हुने उम्मेदवारले पासपोर्ट, स्वास्थ्य जाँच, हवाई भाडा लगायत गरी करिब रु. ९० हजार खर्च गर्नुपर्छ।

जनकराज रेग्मी
प्रवक्ता
बैदेशिक रोजगार विभाग
९८५११८०५६६
०१-४७८२६१६